सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ५ ♦ २०८३ साल असोज १६ शुक्रवार ♦ 2 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बाँध भत्किएपछि जलेश्वर जलमग्न

**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

बलवा नगरपालिकाको वन्चौरी र महोत्तरी गाउँपालिकाको गोरिगमा तथा मडै बस्ती नजिक रातु नदीको बाँध भत्किदा जिल्ला सदरमुकाम जलेश्वर जलमग्न भएको छ ।



मङ्गलबार नै भत्केको बाँधबाट पानी झर्दै बुधबार साँझदेखि जलेश्वरमा पानी पसेको हो । निकास नहुँदा पानी जम्दै गएर विहिवार बजारक्षेत्र जलमग्न भएको छ ।

जलेश्वर-१ नगरपालिका चोकदेखि हटिया क्षेत्रमा जताततै पानी छ। तीन ठाउँमा भत्किएको बाँधले मडै, गोरीगमामा खेत काटेर नोक्सान गरेको छ ।

“बर्सेनि यिनै ठाउँमा बाँध भत्किने गरेको छ,” महोत्तरी-६ गोरीगमाका किसान भोला महतो भन्नुहुन्छ, “बाढीले पोटाउने बेलाको धान लडाएर सोत्तर बनाएको छ ।”

गत वर्ष पनि वन्चौरीमा बाँध फुटेको थियो । जलेश्वर डुबानमा परेपछि यातायातका साधन चलाउन अप्ठ्यारो भएको छ ।

हिँडडुल गर्न पनि असजिलो भएको जलेश्वर-१ का विनोद पासवान बताउनुहुन्छ ।

बाढी नगरक्षेत्रमा पसेपछि भत्किएको ठाउँमा तत्काल मर्मतसम्भार र जलेश्वर पुछारमा पानी निकासको प्रबन्ध थालिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो ।

बाढी पसेपछि महोत्तरी गाउँपालिकाका रतबारा, मडै र गोरिगामा तथा जलेश्वर नगर पालिकाका छोट्का रतबारा, बजराही र धवौलीमा धानबाली नोक्सान भएको छ । रासस

## मधेशमा असोजमै बाक्लियो हुस्सु



**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

धनुषा, महोत्तरी सहित मधेशका जिल्लामा असोजमै बाक्लो हुस्सु लाग्न थालेको छ ।

मङ्सिर-पुसमा झैं डम्म हुस्सु लागेपछि मधेशको मौसम प्रतिकूल बनेको हो । बुधबार बिहानैदेखि नजिकैको दृश्यसमेत नदेखिने गरी बाक्लो हुस्सु लागेको छ ।

क्षीरेश्वरनाथ नगरपालिका-४ का स्थानीय अनिता यादवले असोजमै यसरी बाक्लो हुस्सु लागेर फरक प्रकृतिको मौसम देखिँदा अचम्म लागेको बताउनुभयो । जनकपुरधाम सहित दक्षिणी भेगमा भारी वर्षा रोकिए लगत्तै बाक्लो हुस्सु लाग्न थालेको यादवले जानकारी दिनुभयो ।

असोजमै यस्तो प्रकारको मौसम देखिएपछि अधिकांश मानिस आश्चर्यमा परेको महेन्द्रनगरका शिक्षक मीनबहादुर तामांगको भनाइ छ । उहाँले भन्नुभयो, “यस्तो हुस्सु, कुहिरो त मङ्सिर-पुसमा देखिन्थ्यो तर यस वर्ष मध्य असोजमै देखिँदा आश्चर्य लागेको छ ।”

मधेस क्षेत्रमा बिहानीपख बाक्लो हुस्सु लागेर छपक्क शीत परे पनि दिउँसो टन्टलापुर घाम लाग्दा उखरमाउलो गर्मी महसुस हुने गरेको छ। रातको समयमा भने चिसो बढ्न थालेको छ ।

गर्मी हटेर क्रमिक रूपमा चिसो बढ्दै जाँदा मौसम परिवर्तनसँगै हुने ज्वरो, रुघाखोकी, टाइफाइड लगायतका सङ्क्रमण बढेको डा. लवकुमार गुप्ताले बताउनुभयो । यो समयमा बालबालिकासहित शारीरिक अवस्था कमजोर भएका व्यक्तिमा मौसमजन्य सङ्क्रमण देखा पर्न सक्ने भएकाले सावधानी अपनाउन उहाँले सुझाव दिनुभयो ।

यस्तै, बाक्लो हुस्सु लागेका कारण पूर्व-पश्चिम महेन्द्र राजमार्ग, हुलाकी सडकसहित दक्षिणी भेगका अन्य सडकमा सवारीसाधन बत्ती बालेर गुडिरहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाले हुस्सु लागेको समयमा भिजिबिलिटी कम भई सवारी दुर्घटनाको जोखिम हुने भएकाले सावधानीपूर्वक सवारी चलाउन तथा यात्रा गर्न आग्रह गरेको छ।

## धनुषामा छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

धनुषामा छुट्टाछुट्टै दुर्घटनामा विहिवार दुई जनाको मृत्यु भएको छ ।

धनुषाको छिरेश्वरनाथ नगर पालिकामा विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

करेन्ट लागेर छिरेश्वरनाथ नगर पालिका वडा नं ९ का ३२ बर्षीय श्रवण साह भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो ।

छिमेकीको बिग्रेको विद्युत् ठिक गर्न आफै पोलमा चढेपछि पोलको ८ मिटरमाथि चढ्दा अचानक पोलमा विद्युत् प्रवाह भई करेन्ट लागेर साहको मृत्यु भएको हो । साहको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा पठाइएको प्रहरीले जनाएको छ ।

यसैबीच धनुषाको मिथिला नगर पालिका वडा नं ३ लालभित्तीस्थित औरही बाबा बालुवा प्रशोधन उद्योगमा टिप्पर पल्टिदा सोही उद्योगका सञ्चालकको मृत्यु भएको छ । विहिवार बिहान करिब ७:०० बजे प्रदेश ०२-००२-००१ ख ०१७१ नम्बरको टिप्परबाट बालुवा खसाल्ने क्रममा एक्कासी टिप्पर पल्टिँदा उद्योग सञ्चालक हरि महतो गम्भीर घाइते महतोलाई हुनु भएको थियो थियो ।

गम्भीर घाइते महतोको र मदैयास्थित जानकी मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



# सभापतिमा गगन पक्का जस्तै, महामन्त्रीमा हुनसक्छ 'दह्रो भिडन्त' !

खबर दर्पण समाचारदाता

**असोज १५ गते, बर्दिबास**



नेपाली कांग्रेसमा शेरबहादुर देउवा शक्तिमा हुँदा नेता बालकृष्ण खाँणको प्रभाव र रवाफ राम्रै जम्थ्यो । देउवाका विश्वासपात्रको रूपमा उनले पार्टीभित्र र राज्यसत्तामा 'सत्ता-शक्ति'सहितको राजनीति गरे । कतिपय नेता त उनलाई शेर बहादुर देउवा र उनको समूहको उत्तराधिकारीका रूपमा समेत टिप्पणी गर्थे, किनभने नेविसंघ तरूण दलजस्ता प्रभावशाली भातृ संगठनमा नेतृत्व लिएर उदाएका कमै नेतामा खाँण पर्छन् ।

उनै खाँणले ७ असोजमा बुटवल पुगेर भने- 'आसन्न १५औं महाधिवेशनबाट पार्टी सभापतिमा पुनः गगनकुमार थापा नै निर्वाचित हुनुहुन्छ ।'

पटक-पटक मिति सारे पनि अन्ततः नेपाली कांग्रेसले यहीँ १८ असोजबाट पार्टीको केन्द्रीय महाधिवेशन गर्दैछ । उक्त महाधिवेशनबाट सभापति पदमा गगन थापा नै निर्वाचित हुने 'लगभग' निश्चित नै छ ।

अन्य ठूलै राजनीतिक समीकरण नबने गगनलाई सभापति बन्नबाट कसैले रोक्न सक्ने अवस्था छैन । त्यसमाथि असन्तुष्ट समूह छुट्टै महाधिवेशनमा लागेकाले पनि गगन कांग्रेसको सर्वसम्मत सभापति बन्दैछन् ।

त्यसो त गगनलाई चुनौती दिने भन्दै किशोरसिंह राठोर सभापतिमा लड्ने बताइसकेका छन् । तर कांग्रेस स्रोतको दाबीअनुसार राठोर महामन्त्री वा उपसभापतिमध्ये एक पदको बार्गेनिङमा छन् ।

पद पाउने भए उनी सभापति लड्ने छैनन् । पद नपाएमात्र अन्तिममा उनी सभापति लड्ने सक्ने गगननिकट एक नेताको दाबी छ ।

'उहाँको बार्गेनिङ महामन्त्री वा उपसभापति देऊ भन्नेमा हो । उहाँ सहमहामन्त्री भइसकेकाले पनि त्यो दाबी स्वभाविक हो' स्रोत भन्छ'यसैपनि हार्ने चुनाव हो भनेर लड्नुभयो भने एउटा कुरा । नभए गगनलाई अहिले सभापतिमा रोक्ने कस्को आँट र हिम्मत होला र !'

गएको पुसमा विशेष महाधिवेशन गर्दै गगन थापा पार्टी सभापति बनेका थिए । त्यसपश्चात् कांग्रेस 'हाम्रो हो भन्दै' संस्थापन र असन्तुष्ट समूहबीच विवाद कायमै छ । सर्वोच्च अदालतमा पनि मुद्दा यथावत् छ ।

अधिकारिकता कसलाई दिने भन्ने अन्तिम निर्क्योल हुन सकेको छैन । यस्तो अवस्थामा संस्थापन समूह र असन्तुष्ट समूहले अलग-अलग महाधिवेशन गर्दैछन् । गगन थापा नेतृत्वको संस्थापन समूहले क्षेत्रीय अधिवेशनसम्म सम्पन्न गरेपश्चात् केन्द्रीय अधिवेशनमा अघि बढेको छ । यस अधिवेशनले गगनकै नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्ने बताउँछन्-सहमहामन्त्री उदय शमशेर राणा ।

'१६ औं अधिवेशनसम्म गगनजीकै नेतृत्वमा पार्टी अघि बढाउने हो । अहिलेको म्यान्डेट पनि यही हो' उनले लोकान्तरसँग भने । यस्तै कथन सहमहामन्त्री लड्ने घोषणा गरेसकेकी केन्द्रीय सदस्य प्रतिमा गौतमको पनि छ । 'गगनजीलाई नै मानेर आसन्न महाधिवेशनले नयाँ नेतृत्व चयन गर्छ' उनले पनि लोकान्तरसँग भनिन् ।

सभापतिबाहेक उपसभापति पदमा पनि एउटा विकल्प मात्र खोज्ने तयारी भएको छ । वर्तमान उपसभापति विश्वप्रकाश शर्माको विकल्प अहिले कांग्रेसले देखेको छैन ।

विशेष महाधिवेशनमा देउवालाई छाडेर गगनलाई साथ दिन आएकी पुष्पा भुसाललाई पनि एकपटक पुनः अवसर दिने तयारी रहेको बुझिएको छ ।

उपसभापति बन्न महालक्ष्मी उपाध्याय डिना भीष्मराज आङ्देम्बेलगायत देउवा छाडेर आएका नेताहरू तछाड-मछाडमा छन् । कतिपयलाई गगनले पदै दिएर सहमतिमा ल्याएका छन् । 'त्यसैले दुईजना उपसभापति थपेर नेतृत्व व्यवस्थापन गर्ने तयारी पनि भइरहेको छ' कांग्रेस स्रोत भन्छ ।रु

## महामन्त्रीमा भने 'भीषण' लडाईं

सभापतिमा गगन थापा निश्चित भएपनि महामन्त्री बन्न भने 'भीषण' लडाईं हुने भएको छ । दुई महामन्त्री निर्वाचित हुने पदमा चुनाव लड्ने संख्या ठूलै छ ।

वर्तमान महामन्त्रीद्वय गुरूराज घिमिरे र प्रदीप पौडेल सोही पदमा दोहोरिन चाहेका छन् । तर उनीहरूलाई निर्वाचन जित्न भने सहज नभएको विशेष महाधिवेशनको अगुवाइ गरेका एक नेता दाबी गर्छन् ।

१४ औं महाधिवेशनबाट सहमहामन्त्री विजयी भएका नेता हुन्, जीवन परियार । उक्त महाधिवेशनमा गगन महामन्त्री विजयी हुँदा उनकै टीमबाट परियार सहमहामन्त्री (दलित क्लस्टर) पदमा विजयी भएका थिए ।

उनीहरू दुवै शेखर कोइराला गुटबाट निर्वाचित भएका थिए । हाल विधान मस्यौदा समितिमा बसेर काम गरिरहेका उनी पनि 'एक स्थान माथि पदोन्नति' हुने चाहनामा छन् ।

'सहमहामन्त्री भएर काम गरि सकेँ । अब महामन्त्री बनेर पार्टीलाई थप योगदान गर्छु' उनले भने 'महामन्त्री लड्छु।'

वर्तमान सहमहामन्त्री उदयशमशेर राणा पनि महामन्त्रीका आकांक्षी हुन् । कुनै समय देउवाका विश्वासपात्र उनी पुसमा भएको विशेष महाधिवेशनमा देउवा छाडेर गगनतिर आएका थिए ।

पछिल्लो समय सभापति थापाको विश्वासपात्र भएर काम गरिरहेका उनलाई संस्थापन समूहले महामन्त्री बनाउन चाहेको छ । उनी आफैं भने सभापति र पार्टीले चाहेअनुसार अघि बढ्ने बताउँछन् ।

'पार्टी एकताको समय छ । नेतृत्व र परिस्थितिले जे चाहन्छ, म त्यही बन्छु । अहिले सहमहामन्त्री भएर काम गरिरहेकै छु' उनी भन्छन् ।

यसबाहेक महामन्त्री पदमा नैनसिंह महर पनि निर्वाचन लड्ने तयारीमा छन् ।

पार्टीको १४ औं महाधिवेशनपश्चात् नै उनले मिसन महामन्त्री शुरू गरेर तयारी गरेका हुन् । उनलाई डडेल्धुरा कांग्रेसले पनि निर्वाचन जिताउने भन्दै बैठक गरेर निर्णय नै गरिसकेको छ ।

यस्तै, महामन्त्री बन्ने दौडमा नेता सुनिल शर्मा पनि लागेका छन् । डा. शर्मा २०७९ मा मोरङ ३ बाट विजयी प्रतिनिधिसभा सदस्य हुन् । लामो समय कोइराला गुटमा लागेर राजनीति गरेका उनी पछिल्लो समय भने संस्थापन समूहमा लागेका छन् । उनी पनि महामन्त्री बन्न निर्वाचन मैदानमा होमिने भएका हुन् ।

पार्टीको कार्यसम्पादन समिति सदस्य समेत रहेका आङ्गेलु शेर्पाले पनि महामन्त्री लड्ने घोषणा गरेका छन् । यता देउवा समूहमा रहेर विश्वासपात्र हुँदै काम गरेका मीन विश्वकर्मा पनि महामन्त्रीकै तयारीमा रहेका छन् । उनलाई देउवा छाडेर संस्थापन समूहमा आउँदा पदाधिकारी बनाउने भन्ने सहमति भएको कांग्रेस स्रोत दाबी गर्छ ।

१४ औं महाधिवेशनमा शेखर कोइराला प्यानलबाट लुम्बिनी

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिबास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिबास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिबास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अभिराम शर्मा सहित ४ प्रतिवादी सर्वोच्चमा उपस्थित, सधारण तारिखमा राख्ने आदेश

**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

मधेस आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन विकको मृत्यु भएको घटनासँग सम्बन्धित मुद्दा अब सर्वोच्च अदालतको प्रक्रियामा पुगेको छ। यही क्रममा महोत्तरीका चार जना प्रतिवादी सर्वोच्च अदालतमा स्वयं उपस्थित भएका छन्।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३( क) बाट निर्वाचित प्रदेशसभा सदस्य अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वनगरप्रमुख रामशंकर मिश्र 'साही', सुरेश पाण्डे र धर्मेन्द्र राय सर्वोच्च अदालतमा उपस्थित भएका हुन्। उनीहरू स्वयं अदालतमा उपस्थित भई आफ्नो मुद्दाको कानुनी प्रक्रिया अघि बढाएका हुन्।

चारै जना उपस्थित भएपछि सर्वोच्च अदालतले उनीहरूलाई सधारण तारिखमा राख्ने आदेश दिएको छ। यससँगै वर्षौंदेखि विभिन्न तहका अदालतमा चलिरहेको थमन विक प्रकरणको कानुनी यात्रा सर्वोच्च अदालतसम्म पुगेको छ।

थमन विक प्रकरण मधेस आन्दोलनसँग जोडिएको अत्यन्त संवेदनशील घटना हो। २०७२ भदौ २५ गते महोत्तरीमा आन्दोलनका क्रममा घाइते भएका सशस्त्र प्रहरीका असई विकलाई उपचारका लागि लैजाँदै गर्दा बाटोमा उनको मृत्यु भएको घटनालाई लिएर लामो समयदेखि मुद्दा चलि रहेको छ।

यस प्रकरणमा महोत्तरी जिल्ला अदालतले अभिराम शर्मासहित सात जनालाई जन्मकैदको फैसला सुनाएको थियो। जिल्ला अदालत महोत्तरीले पुर्वाग्राही हिसाबले गलत फैसला गरेको भन्दै मधेस प्रदेश जिल्लाहरुमा फैसलालाई लिएर बिरोध समेत भएको थियो । त्यसपछि मुद्दा उच्च अदालत जनकपुर पुगेको थियो। उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला आंशिक रूपमा उल्टाउँदै अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डेसहित ६ जनालाई जनही पाँच वर्ष कैद हुने फैसला गरेको थियो भने तीन जनाको जन्मकैद कायम राखेको थियो।

उच्च अदालतको फैसलामा प्रत्यक्ष रूपमा थमन विकमाथि प्रहार गरेको वस्तुनिष्ठ प्रमाण केही फेला नपरेको उल्लेख छ । प्रतिवादीको हकमा नदेखिएको भए पनि अनुसन्धानका क्रममा प्राप्त बयानलगायत प्रमाणका आधारमा उनीहरूलाई ज्यानसम्बन्धी कसुरमा दोषी ५ बर्ष कैदको फैसला उच्चले गरेको थियो ।




अभिराम शर्मा, रामशंकर मिश्र 'साही', सुरेश पाण्डे र धर्मेन्द्र राय पक्षले भने सुरुदेखि नै आफूहरूलाई मधेस आन्दोलनसँग जोडेर राजनीतिक पूर्वाग्रहका आधारमा मुद्दा लगाइएको दाबी गर्दै आएका छन्।

उनीहरू निकट नेताहरू तथा समर्थकहरूको दाबीमा मधेस आन्दोलनको राजनीतिक नेतृत्वमा सक्रिय रहेका व्यक्तिहरूलाई आन्दोलनका क्रममा भएका घटनासँग जोडेर आपराधिक मुद्दा लगाइएको हो। उनीहरूका अनुसार राजनीतिक आन्दोलनको नेतृत्व गर्नु र आपराधिक घटनामा प्रत्यक्ष संलग्न हुनु एउटै विषय होइन।

यही आधारमा उनीहरूले आफूहरूमाथि लगाइएको आरोप न्यायिक परीक्षणबाट स्पष्ट हुने बताउँदै आएका छन्।

अभिराम शर्मा मधेस राजनीतिमा लामो समयदेखि सक्रिय नेताका रूपमा परिचित छन्। उनी महोत्तरी क्षेत्र नम्बर ३ ( क) बाट दुई पटक निर्वाचित भइसकेका छन् भने मधेस प्रदेश सरकारमा सामाजिक विकास राज्यमन्त्रीको जिम्मेवारीसमेत सम्हालिसकेका छन्।

स्थानीय राजनीतिमा उनको राजनीतिक प्रभाव र जनसम्बन्धबारे समर्थकहरूले लामो समयदेखि चर्चा गर्दै आएका छन्। त्यस्तै, जलेश्वर नगरपालिकाका पूर्वनगरप्रमुख रामशंकर मिश्र 'साही' पनि स्थानीय राजनीतिमा लामो समयदेखि सक्रिय व्यक्तिका रूपमा चिनिन्छन्। उनले समेत आफू मधेस आन्दोलनको नेतृत्व गरेको कारण जनतासँग जोडिएर काम गर्दै आएको र राजनीतिक कारणले आफूलाई निशाना बनाइएको दाबी गर्दै आएको छ। मधेस आन्दोलनको बेला लाखौ जनता आफ्नो अधिकार मांग्दै सडकमा उत्रेका थिए । आन्दोलनका क्रममा सुरक्षाकर्मीको मृत्यु भएको घटनामा आफूहरूलाई झुठा मुद्दामा फसाइएको दाबी उनिहरुले गर्दै आएका छन्।सर्वोच्च अदालतको कानुनी प्रक्रिया आफ्नो ठाउँमा अघि बढिरहने बताउँदै अभिराम शर्मा र रामशंकर मिश्र 'साही'ले आफूहरू अब फेरि जनताको सेवामा सक्रिय रहने बताएका छन्। उनीहरूले कानुनी लडाइँसँगै जनताका सुख-दुःखमा साथ दिने र गरिब, विपन्न तथा समस्यामा परेका नागरिकका पक्षमा निरन्तर काम गर्ने बताएका छन्।

## सभापतिमा गगन पक्का जस्तै.....

प्रदेशको सभापतिमा निर्वाचित भएका अमरसिंह पुन पनि महामन्त्री लड्ने घोषणा गरि सकेका छन् ।

'म महामन्त्रीमा लड्ने हो', पुनले लोकान्तरसँग भने, 'महाधिवेशन प्रतिनिधि चुनिएपछि जिल्लाबाट काठमाडौं आइसकेँ । थप छलफलहरू भइरहेको छ ।'

यस्तै, १४ औँ महाधिवेशनमा सहमहामन्त्री पदमा निर्वाचन हारेका तर विशेष महाधिवेशनबाट पार्टी प्रवक्ताको भूमिकामा रहेका नेता देवराज चालिसे पनि सहमहामन्त्री पदमा निर्वाचन लड्ने तयारीमा रहेको बताउँछन् । 'सहमहामन्त्री लडिसकेँ । त्यही पदमा दोहोरिने कुरा आउँदैन । पदोन्नति हुनुपर्‍यो नै' प्रवक्ता देवराज चालिसे भन्छन् ।

पार्टीमा सभापतिपश्चात् अर्को 'पावरफूल' तथा कार्यकारी पद महामन्त्रीको हो । पार्टी विधानको धारा २७ ले महामन्त्रीलाई १२ वटा काम कर्तव्य र अधिकार सुम्पेको छ। विधान अनुसार पार्टी केन्द्रीय कार्यालय महामन्त्रीको अन्डरमा हुन्छ ।

यस्तै, पार्टी केन्द्रीय समिति कार्यसम्पादन समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने अधिकार पनि महामन्त्रीकै मातहत हुन्छ ।

पार्टी क्रियाशील सदस्यता वितरण गर्ने लगायतका महत्वपूर्ण जिम्मेवारी महामन्त्रीमा निहीत हुन्छ। उक्त महामन्त्री पदमा निर्वाचित हुन नेताहरूको जोडबल सोही कारण हुने गरेको हो ।

विशेष महाधिवेशनपश्चात् पार्टी एकतालाई थप बलियो बनाउनुपर्ने असन्तुष्ट समूहबाट आएका नेतालाई व्यवस्थापन गर्नुपर्ने विशेष महाधिवेशनमा साथ दिएकालाई पनि सँगै हिँडाउनुपर्ने जस्ता कारण महामन्त्रीको पदमा कम्तीमा एउटा थप्ने विषयमा कांग्रेसभित्र बहस भइरहेको छ, जसले आकांक्षी व्यवस्थापन हुने बुझाइमा सभापति गगन थापा छन् ।



# भंगहा नगरपालिकाका : शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने चेतावनी

**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**




महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख संजीवकुमार साहले प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभए आगामी सोमबार देखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने चेतावनी दिएका छन् ।

विगत डेढ महिनादेखि नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा दैनिक प्रशासनिक काम प्रभावित भएको भन्दै नगर प्रमुख साहले तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न माग गरेका हुन् ।

उनका अनुसार प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग पटकपटक आग्रह गरिए पनि समस्या समाधान हुन सकेको छैन । अधिकृतको अनुपस्थितिका कारण चाडपर्वको समयमा कर्मचारीको तलब भुक्तानीसमेत प्रभावित भएको नगरप्रमुख साहको भनाइ छ । यसअघि नगरप्रमुख साहले गत सोमबार नगरपालिका कार्यालयसहित ९ वटै वडा कार्यालयमा तालाबन्दी गरी त्यसको साँचो जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुझाएका थिए। प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभएसम्म नगरपालिका सञ्चालन गर्न कठिनाइ हुने उनको भनाइ छ।

नगरप्रमुख साहका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ १ गते खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो । तर, भुसाल हालसम्म कार्यालयमा हाजिर भएका छैनन् ।

प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने वातावरण तत्काल नबने आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गरिने नगर प्रमुख साहले चेतावनी दिएका छन् ।

नगरपालिकामा प्रशासनिक नेतृत्वको अभावका कारण सेवा प्रवाह प्रभावित भइरहेकाले समस्या तत्काल समाधान गर्न उनले सम्बन्धित मन्त्रालयसँग आग्रहसमेत गरेका छन् ।

# जन्मदिनको खुसीमा सानो सहयोग, विद्यालयको सुन्दर भविष्यतर्फ ठूलो योगदान



**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

गौशाला नगरपालिका-१२, कान्ती बजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्रा समीक्षा सिंहले आफ्नो जन्मदिनको अवसरमा विद्यालयको दुई कोठे भवन रंगरोगनका लागि रङ सहयोग गरेकी छन्।

जन्मदिनको अवसरमा हुने खर्चलाई सामाजिक काममा लगाउने उद्देश्यले समीक्षा सिंहले आफ्ना आमाबुबाको सहयोगमा रङ खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेकी हुन्। बिहीबार बिहान विद्यालय पुगेकी सिंहले प्रधानाध्यापक तथा अन्य शिक्षकहरूको उपस्थितिमा उक्त रङ विद्यालयलाई हस्तान्तरण गरिन्।

"जन्मदिनको खुसीमा सानो सहयोग, विद्यालयको सुन्दर भविष्यतर्फ ठूलो योगदान" भन्ने भावनासहित उनले आफूले अध्ययन गरिरहेको विद्यालयबाटै सामाजिक कार्यको सुरुआत गरेकी हुन्।

विद्यार्थीको जीवनमा विद्यालयको महत्वपूर्ण स्थान हुने भएकाले आफ्नो जन्मदिनलाई विद्यालयको विकाससँग जोडेर मनाउने सोच आएको समीक्षा सिंहले बताइन्। दुई कोठे भवनको रंगरोगनका लागि गरिएको उनको सहयोगले विद्यालयको भौतिक वातावरणलाई थप आकर्षक र व्यवस्थित बनाउन योगदान पुग्ने विद्यालयले जनाएको छ।

विद्यालय परिवारले समीक्षा सिंह तथा उनका अभिभावकलाई सहयोगका लागि धन्यवाद दिँदै जन्मदिनको अवसरमा गरिएको यस सकारात्मक कार्यले अन्य विद्यार्थीलाई पनि सामाजिक तथा रचनात्मक कामतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरेको छ।

# बर्दिबासमा करियर खोज तथा मार्गदर्शन कार्यक्रम आयोजना हुँदै

**खबर दर्पण समाचारदाता**

**असोज १५ गते, बर्दिवास**

रोटरी क्लब अफ बर्दिबासको आयोजनामा उच्च माध्यमिक तहका विद्यार्थीलाई लक्षित गर्दै 'करियर खोज तथा मार्गदर्शन कार्यक्रम' आयोजना हुने भएको छ ।

कार्यक्रम बर्दिबास नगरपालिका-१ स्थित देउराली उच्च माध्यमिक विद्यालयमा आगामी असोज १८ गते आइतबार सञ्चालन हुनेछ ।

कार्यक्रममा विभिन्न क्षेत्रका अनुभवी फ्याकल्टी तथा विज्ञहरूले विद्यार्थीलाई उच्च शिक्षा, करियर छनोट तथा भविष्यको मार्गनिर्देशनबारे जानकारी दिने आयोजकले जनाएको छ ।

विद्यार्थीलाई आफ्नो रुचि, क्षमता र सम्भावनाअनुसार उपयुक्त करियर छनोट गर्न सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको कार्यक्रम बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन हुनेछ । आयोजकले बर्दिबास क्षेत्रका उच्च माध्यमिक तहका विद्यार्थीलाई कार्यक्रममा सहभागी हुन आग्रह गरेको छ ।


## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सुचना**

यस कार्यालयमा मिति २०७८।०४।१५ मा दर्ता भएको पिके स्प्रिङ्ग वाटर, प्राइभेट लिमिटेड (प्रा.ली. नं. २६६१९८) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं**

**स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वर**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,